Academic View

# लिपिको उत्पत्ति, विकास र लिच्छवि लिपि

**बेन्जु कुमारी श्रेष्ठ**
*संस्कृति विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
**Email:** *benjus1963@gmail.com*

## सार सङ्क्षेप

*लिपि लेखनकलाको मूल स्रोत हो । प्राग मानवले ओडार र गुफाका भित्ताहरूमा कोरेका साङ्केतिक चिह्नहरूबाट विकसित हुँदै आएको लिपिको माध्यमबाट वर्तमान लेखनकलाको विकास भएको हो । लिपिको उत्पत्ति र विकाससम्बन्धमा एकिन समय बताउन सक्ने तथ्यगत प्रमाण नभएता पनि यसको विकास मानव जीवनका शुरुवाती दिनहरू सँगै विकासवादी सिद्धान्त अनुरूप नै भएको हो भन्ने तर्क सर्वसम्मत छ । लिपिको उत्पत्ति, विकासका साथै नेपालमा लिच्छवि लिपिको विकास उजागर गर्ने उद्देश्य राखेर थालिएको यो लेख मुलतः पुस्तकालयीय विधि तथा वर्णनात्मक र विश्लेषनात्मक ढाँचामा आधारित रहेको छ । प्रस्तुत लेखको मुख्य अभिप्राय संस्कृति मूल विषयको रूपमा अध्ययन गर्ने विद्यार्थी तथा सम्बन्धित अन्य पाठकहरूका लागि लिच्छवि लिपि सम्बन्धमा सामान्य जानकारी हुन सकोस भन्ने हो । नेपालमा लिपिको विकास भारतवर्षमा विकसित ब्राह्मी लिपिकै परिबर्तित स्वरूप हो भन्ने कुरा लिच्छविकालदेखि उपलब्ध भएका अभिलेखहरूको अध्ययनबाट स्पष्ट हुन आउँछ । ब्राह्मी लिपिमा आएका निरन्तर परिवर्तनहरूको परिणाम स्वरूप नेपालको लिच्छवि लिपि भएको प्रमाणित हुन आउँछ । यसले विभिन्न कालखण्डमा विभिन्न आकार, प्रकार र स्वरूपमा रूपान्तरित हुँदै तत्कालीन समयमा आफूलाइ एक सशक्त प्रचलित लिपिको रूपमा उभ्याएको थियो ।*

**शब्दकुञ्जी :** *आशयलेखन, लिच्छवि, लिपि, ब्राह्मी, ध्वन्यात्मक*

## विषय प्रवेश

समुदायले आज जे जति बैभव प्राप्त गरेको छ त्यो एकै चोटी अकस्मात रूपमा प्राप्त भएको होइन । आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, कला, साहित्य, अनुसन्धान सीप आदि विविध पक्षमा मानिसले जुन उचाई आज हासिल गरेको छ त्यसका पछाडि लामो संघर्ष, मिहिनत, त्याग, तपस्या, हण्डर, कष्ट, वलिदान छ । यसकै प्रतिफल हो आजको प्राप्ती । यस्तै प्राप्तीहरू मध्यको एउटा हो आजको विश्वज्ञानलाई एक बाट अर्कोमा हस्तान्तरण गर्ने प्रमुख साधनको रूपमा रहेको लेखनकला । यो कलाको आधार तथा अभिन्न अङ्गको रूपमा रहेको पक्ष भनेको लिपि हो । लिपिको उत्पत्ति विश्वको कुन भागमा कहिले देखि कसले किन गरेको थियो भन्ने तथ्यगत प्रमाण एकिन नभएता पनि विभिन्न धार्मिक मत, विभिन्न विद्वान्का तर्क र केही पुरातात्त्विक स्रोतका आधारहरूमा लिपि उत्पत्तिका विभिन्न अनुमानहरू अघि सार्ने गरिएका छन् । यिनै मत, तर्क र आधारहरूबाट भारतवर्षमा लिपि र लेखनकलाको विकास बारे यथेष्ट चर्चा गरिएको छ । भारतवर्षमा विकसित सभ्यता, संस्कृति, साहित्य, कला, ज्ञान, विज्ञानको प्रत्यक्ष प्रभावमा रहेको प्राचीन नेपालको लेखनकलामा पनि यथेष्ट प्रभाव पर्नु स्वभाविक

हुन आउँछ । नेपालको प्राचीनता बारे जानकारी दिने स्रोतहरू अभाव नै छ तर नेपालको राजनैतिक इतिहासमा अत्यन्त महत्त्वपूर्ण र अभिलेख शुरुवातको प्रथम शासनकालको रूपमा लिइने लिच्छविकालको पाँचौ शताब्दी यता प्राप्त अभिलेखको आधारमा नेपालमा लिच्छवि लिपिको उत्पत्ति र विकास बारे संक्षिप्त जानकारी गराउने उद्देश्य यो लेखले राखेको छ । विशेष गरी संस्कृति मूल विषयको रूपमा लिइ अध्ययनरत विद्यार्थीहरूलाई लिपि अध्ययन अन्तरगत लिच्छवि लिपि बारे सहज रूपमा जानकारी गराउन सक्नुमै यसको औचित्य सावित हुनेछ ।

## अध्ययन विधि

यस लेखका लागि मुलतः पुस्तकालयीय अध्ययन पद्दति प्रयोग गरिएको छ ।  शीर्षक तथा उपशीर्षकहरूलाई आवश्यक पर्ने उपयुक्त सामग्रीहरूलाई विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचनाहरूबाट संकलन गरी आवश्यकत्ता अनुसार तिनीहरूलाई विवेचना र विश्लेषण गरिएको छ । यी विभिन्न द्वितीय स्रोतबाट उपलब्ध सामग्रीहरूलाई एक अर्कोसँग तुलना गरी उपयुक्त मानिएकालाइ  समावेश गरिएको छ । प्रस्तुत लेखमा प्राथमिक स्रोतको भने अभाव रहेको छ । नेपाली इतिहासको लिच्छविकालीन समयमा विकसित लिपिबारे सम्बन्धित पाठकहरूलाइ थोरै भएपनि जानकारी हुन सकोस भन्ने अपेक्षा यस लेखको हो । पाठक स्वयंले तुलनात्मक रूपमा अध्ययन गरी लिपिमा रहेका समानता र भिन्नता छट्याउन सकुन भन्ने अभिप्रायले अभिलेखमा उल्लेखित केही लिपिसम्बन्धी विषय वस्तुहरूलाई समेत जस्ताको तस्तै परिशिष्टमा राखिएको छ ।

## लिपि परिचय

लिपिको अर्थ निश्चित ध्वनीयुक्त चिह्न हो वा निश्चित ध्वनीद्वारा उच्चारण गर्न सकिने चिह्नलाई वर्ण (लिपि) भनिन्छ । यस्ता वर्णहरूको मेलबाट निश्चित अर्थयुक्त शब्द बन्दछ । नेपाली शब्दकोशका अनुसार लिपिको अर्थलाई हेर्ने हो भने अक्षरले लेख्ने प्रणाली, अक्षरको रखाइ, लिखित अक्षर, वर्ण वा लेख्नेकला भनेर उल्लेख गरिएको छ । त्यसर्थ लिपिको अर्थ वर्ण वा अक्षरहरू भन्ने हुन्छ । विश्वमा लेखन कलाको उत्पत्तिको सम्बन्धमा समयको एकिन गर्न नसकिएता पनि लिपि मानव विचारहरू अभिव्यक्त गर्ने माध्यम मानिन्छ । मानवको आफ्ना भावना विचार प्रचार प्रसार गर्न, आफ्ना उपलब्धीहरूलाई सुरक्षित र संरक्षित गर्न, विभिन्न विषयमा खोज, अध्ययन अनुसन्धानका लागि लेखन (लिपि) महत्त्वपूर्ण हुन पुग्यो । यही महत्त्व परिपूर्तिका लागि लिपिको उत्पत्ति हुन पुग्यो । त्यसकारण लिपि लेखनको एउटा व्यवस्था हो अर्थात मानव संचारको एउटा लिखित साधन हो ।

लिपिको उत्पत्ति कहिले भयो भन्ने सम्बन्धमा विभिन्न धार्मिक ग्रन्थहरूले आ-आफ्नै ढंगले तर्क दिने गरेका छन् । पूर्वीय धार्मिक मत अनुसार ब्रह्माबाट लिपिको सृष्टि भएको भन्ने गरिन्छ भने पाश्चात्य धर्मालम्वीहरू इ.पू. चार हजार चारतिर इश्वरले चराचर जगतको सृष्टि गर्दा लेखनकलाको समेत विकास भएको मान्दछन् (खत्री र दाहाल, २०४८, पृ. ७४) । त्यस्तै फोनेसियालीहरू कैडयस देवताबाट उत्तर सेमेटिक लिपिको उत्पत्ति भएको मान्दछन् । त्यस्तै ग्रीक लिपि हर्मिसदेवताबाट, रोमन मर्करी, हिब्रु जेहोवा, अरवी अल्लाह, चिनीया वेनचांग, हिरोग्लिफिक थोठ, किलाक्षर नेवू, केल्टिक ओगमा देवताले लिपिको आविष्कार गरेको मान्दछन् । यस्ता धार्मिक मान्यता रहेता पनि मानवले आफ्नो विकास सँगै फरक फरक समय र स्थानमा क्रमिक रूपले लिपिको विकास गरेको हो (खतिवडा, २०६०, पृ. ३२) ।  तर धार्मिक ग्रन्थमा उल्लेख भएको विचार भन्दा पनि लिपिको विकास मानवले आफ्नो विकासको क्रमसँगै गरेको हो भन्ने तर्क बलियो हुन आउछ । यस तर्क अनुसार शुरुमा मानवले आफ्ना विचार/भावनाहरूलाई प्रस्तुत गर्ने क्रममा विभिन्न चित्रहरू कोर्न थाले । आफूले देखेका भोगेका कुराहरूलाई आफू बसेका गुफा तथा ओढारमा चित्रद्वारा प्रस्तुत गर्दथ्य । यद्यपी उनीहरूले कोरेका ती चित्रहरू लिपि थिएनन तर पनि लिपि उत्पत्ति गर्ने भ्रुणको रूपमा थिए । त्यसैले लिपिको प्रारम्भिक रूप चित्रलिपिलाई

लिइन्छ । जव मानिसका आवश्यकत्ताहरू बढ्दै गए समस्याहरू जन्मदै गए त्यसपछि थोरै चित्रबाट धेरै विचार अभिव्यक्त गर्ने चलन शुरु भयो जसले गर्दा एउटा सूर्यको चित्रबाट दिन र रात बुझाउन थालियो । कुनै निश्चित बस्तु बुझाउन सोही बस्तुको चित्र बनाउने पद्धति विकसित गर्दै त्यसको साङ्केतिक चित्र र ध्वनिलाई चिह्नबाट बुझाउने क्रममा वर्णको रूपमा विकास गरियो । यसरी वर्णात्मक वा अक्षरात्मक लेखनको सुरुवात भए पछि विभिन्न प्रकारका लिपिहरूको विकास गरेको पाइन्छ । यस्ता वर्ण वा अक्षरको विकास गर्ने पहिलो देश मिश्रलाई मानिन्छ (खत्री र दाहाल, २०४८, पृ. ७६) । प्राप्त सामग्रीहरूका आधारमा लिपिको विकासका विभिन्न अवस्थाहरूको बर्णन समेत गरेको पाइन्छ । सूत्र लिपि, रेखा लिपि, चित्र लिपि यी अवस्थाका उदाहरणहरू हुन । चीनिया, मिश्री, युनानी, अरवी, सुमेरी, हिन्दू, नेपाली, खारोष्टी, ब्राह्मी, देवनागरी संसारका प्रधान लिपिहरू मानिन्छन् (पन्त, १९५९ ई., पृ. १५- २६) ।

लिपिको विकास अहिले जुन अवस्थामा छ त्यो एकै चोटी यो अवस्थामा आएका होइन । विभिन्न चरण पार गर्दै क्रमिक विकासको आधारमा वर्तमान लिपिको सृजना भएको हो । प्रागमानवले आफ्ना मनोभावनाहरू र क्रियाकलापहरूलाई व्यक्त गर्न आफू बस्ने ओडार र वरिपरिका स्थानहरूमा साङ्केतिक चिह्नहरू कोर्न थाले । उसका यी साङ्केतिक चिह्नहरूले विभिन्न वस्तु तथा अवस्थालाई जानकारी गराउथ्यो । उदाहरणको लागि प्रागमानवले आफू बस्ने गुफा तथा ओडारहरूका भित्तामा घोडा देखाउन अङ्ग्रेजीको v र साढे देखाउन चारवटा धर्काहरू (IIII) जस्ता चिह्नहरू प्रयोग गरेको पाइन्छ । यस्ता साङ्केतिक चित्रहरूलाई आसयलेखन भनिन्छ । लिपि विकासको क्रममा आजको अवस्थामा आउन आशयलेखन, ध्वन्यात्मक, शब्दपदात्मक, पदात्मक र वर्णात्मक वा अक्षरात्मक जस्ता चरणहरू पार गर्दै आएको देखिन्छ । भाषाको उत्पत्ति र विकास सँगै लिपिको उत्पत्ति र विकास भएको नभई भाषाको जन्म र केही विकास भैसके पछि मात्र लिपिको जन्म भएको देखिन्छ (पृ. ५) ।

## आशयलेखन

लिपिको आविष्कार प्रागमानवका चित्रहरूबाट भएको मानिन्छ । प्रारम्भिक अवस्थामा मानिस जङ्गली घुमन्ते जीवन यापन गरी गुफाहरू र ओडारमा बस्दै पशुपन्छीको शिकार गरी जीवन निर्वाह गर्दथ्यो । यस अवस्थामा मानवले आफूले देखेका भोगेका कुराहरूलाई व्यक्त गर्ने सञ्चारको माध्यमको अभावमा आफू बसेका गुफाका भित्ताहरूमा कोर्न पुगे । चित्रहरूको माध्यमबाट आफ्नो आशयलाई व्यक्त गर्ने विविध प्रकारका साङ्केतिक चित्रहरूको विकासले लिपिको उत्पत्तिमा सहयोग पुग्यो । साङ्केतिक चित्रहरूको माध्यमबाट आशय व्यक्त गर्ने प्रयासलाई आशयलेखन भनिन्छ । आशयलेखन पनि एकै पटक पूर्ण विकास नभई क्रमिक रूपमा विस्तारै भएको हो । शुरुको अवस्थामा धर्का मात्र भएर पछि चित्रहरू विकास भएकोले आशयलेखनलाई पनि दुई चरणमा विभाजन गरिएको पाइन्छ । आशयलेखनको प्रथम चरणमा ज्यामितीय रेखा चिह्नहरूलाई मानिन्छ भने दोस्रो चरणमा विशेष वस्तु घटना विवरणलाई प्रस्ट्याउने किसिमका विशेष चिह्नहरूको प्रयोग गर्ने चलन आएको देखिन्छ । जस्तो दिन जनाउन सूर्य, रात जनाउन चन्द्रमा चिह्न प्रयोग गर्न थालियो । आशयलेखनको दोस्रो चरणमा आएर त्यस्ता चिह्नहरूको विशेष ध्वनि समेत उच्चारण हुने गर्दथ्यो । यो चरणमा चिह्नहरूले वस्तुहरूलाई सजिलै बुझ्न सकिन्थ्यो । यस चरणमा आएर विशेष प्रकारको चिह्नबाट घटनालाई प्रष्ट्याउने गरिन्थ्यो । पहिलो चरणमा ध्वनिको आवश्यकत्ता नपर्ने र दोस्रो चरणमा आएर चिह्नका लागि ध्वनि पनि उच्चारण हुने हुदा लिपिको उत्पत्तिमा आशयलेखनको ठूलो महत्त्व रहेको पाइन्छ ।

## ध्वन्यात्मक लेखन

साङ्केतिक रूपबाट आफ्ना भावना व्यक्त गर्न अप्ठ्यारो महशुस भएपछि चित्रात्मकबाट ध्वनि व्यक्त गर्ने पद्धतिको विकास हुन गयो । चित्र, चिह्नको माध्यमबाट ध्वनि व्यक्त गरिने भएकोले ध्वन्यात्मक लेखनको विकास भयो जुन लेखन आशयलेखन पछि विकसित लेखन थियो । यस लेखनको विकास भैसकेपछि उक्त पद्धति अनुसार धनुष बुझाउन 'ध' चिह्न र ध्वनि, मुख बुझाउन 'म' चिह्न र ध्वनि आदि प्रयोग भयो । यसरी निश्चित वस्तु बुझाउन निश्चित चिह्न र त्यसबाट ध्वनि निकाल्ने कार्यबाट भाषा र लिपि उत्पत्तिमा सहयोग पुगेको देखिन्छ (खतिवडा, २०५५, पृ. २०) । ध्वन्यात्मक लेखनको विकास मुख्यतः तीन चरणमा भएको मानिन्छ -

**शब्दपदात्मक चरण :** निश्चित शब्दको निम्ति निश्चित चिह्न छानेर लेख्ने लेखाइबाट शब्दलेखनको विकास भयो । यस पद्धति अनुसार खास शब्दलाई निश्चित चिह्नले बुझाउने गरिन्छ । यस्ता पदचिह्नहरू स्वर व्यक्त गर्ने र व्यञ्जनसंग जोडिएर स्वर व्यक्त गर्ने माध्यमको रूपमा प्रयोग गरिन्छन् ।

शब्दपदात्मक लेखनको विकासमा प्राचीन मेसोपोटामिया, सिन्धुघाटी, चीन, मिश्र, सिरिया आदि विभिन्न मुलुकहरू महत्त्वपूर्ण रहेका छन् । शब्दपदात्मक लेखनको सुरुवात यी मुलुकहरूमा इशा पूर्व तेश्रो शताब्दी तिर भएको पाइन्छ । दक्षिण मेसोपोटामियाको सुमेरी लेखन सर्वप्राचीन मानिएको छ (रेग्मी, २०६०, पृ. १४) । मेसोपोटामियाको शब्दपदात्मक लेखनले पश्चिममा मिश्रसम्म आफ्नो प्रभाव फैलाउदै गयो । यस्तो लेखनबाट लिपिको उत्पत्ति हुदा स्थान विशेषमा फरकफरक हुन गयो ।

मेसोपोटामियामा शब्दपदात्मक लेखनको चरणमा कीला जस्ता आकारका त्रिकोणात्मक चिह्नहरूको लेखन चल्यो त्यसलाई कीलाक्षर वा क्यूनिफर्म भनिन्छ (पृ. १५) । गिलो माटाको पाटीमा शब्द चिह्न अङ्कित गर्दा चित्रको गोलाई कीलो आकारको हुने भएकोले किलाक्षर भनिएको पाइन्छ । मेसोपोटामियामा प्रचलित यो पद्धति अनुसार साँचोको प्रयोग गरी लेखहरू तयार पारिन्थ्यो जसले शब्दपदात्मक लेखनलाई सहयोग पुऱ्यायो । मिश्रको धार्मिक र सार्वजनिक स्थानमा लेखिने पवित्र लेखनलाई हिरोग्लिफिक लेखन भनिन्छ । त्यसैले हिरोग्लिफिक लेखनलाई पवित्र लेखन समेत भनेको पाइन्छ (खतिवडा, २०६०, पृ. ३५) ।

**पदात्मक लेखनको चरण :** पदात्मक लेखन शब्दपदात्मक लेखनको विकसित रूप मानिन्छ । शब्दपदात्मक लेखनमा एक शब्दको प्रतिनिधित्व एक चिह्नले गर्दथ्यो भने पदात्मक लेखनमा शब्दका हरेक पदका लागि छुट्टाछुट्टै चिह्नको आवश्यकत्ता पऱ्यो जसले वर्णात्मक लेखनलाई सहयोग पुऱ्यायो । लेखनको विकासमा यो कदम निकै लोकप्रिय बन्यो (रेग्मी, २०६०, पृ. १५) । ध्वनिलाई चिह्नमा प्रस्तुत गर्ने क्रममा नै पदात्मक लेखनको सुरुवात भएको देखिन्छ । प्रत्येक शब्दका लागि फरक फरक चिह्न प्रयोग गर्न असजिलो मानी एलम् र हुर्रियनहरूले मेसोपोटामियाबाट शुरु भएको शब्दपदात्मक पद्धतिलाई अस्वीकार गरी पदात्मक पद्धति अपनाएको मानिन्छ । कसैले वहुपदात्मक र कसैले एक पदात्मक लेखनलाई अगाडि बढाए । शब्द चिह्नलाई सरल तरिकाले प्रयोग गर्ने क्रममा फरक फरक स्थानमा छुट्टाछुट्टै प्रकारका पदात्मक लेखनको विकास हुन पुग्यो जसले वर्णात्मक लेखन उत्पत्तिमा सहयोग पुऱ्याएको थियो ।

**वर्णात्मक वा अक्षरात्मक लेखनको चरण :** कुनै पनि एक वा एक भन्दा बढी ध्वनिको लागि कुनै निश्चित अलग अलग चिह्नको प्रयोग गरिने लेखनलाई वर्णात्मक लेखन भनिन्छ । अर्को शब्दमा हरेक ध्वनिका लागि फरक फरक वर्ण वा अक्षरको प्रयोग गरिन्छ । वर्णात्मक लेखनमा स्वर र व्यञ्जनमा स्पष्ट भेद हुन्छन् र स्वर र व्यञ्जनका अलग अलग चिह्न हुने गर्दछन् । पदात्मक लेखनबाट नै वर्णात्मक लेखनको विकास भएको मानिन्छ । युनानी

अर्थात ग्रीकहरूले मेसोपोटामियाबाट प्रसारित पदात्मक लेखनलाई परिष्कृत गरेर वर्णात्मक लेखनको सुरुआत गरे। ग्रीकहरूले पहिला व्यञ्जन चिह्न र पछि स्वर चिह्न विकसित गरेर पद चिह्नहरूलाई अक्षरमा परिणत गरे। ग्रीक लेखनमा अल्फा, वेटा, गामा, डेल्टा आदि रोमनमा ए. वी. सी. डी. वर्णमाला थिए। यूनानी वर्णमाला नै विश्वको पहिलो वर्णमाला हो। यूनानमा व्यापार गर्ने फिनिशियाइहरूबाट यूनानीहरूले सेमेटिक अक्षर चिह्नहरूको अध्ययन गरी आफ्नो भाषामा मिल्ने गरी आवश्यक स्वर व्यञ्जन वर्णहरू बनाई नया लेखन पद्धति शुरु गरे। युनानीबाट पछि समयको अन्तरालमा रोमन र अन्य यूरोपेली वर्णमालाहरूको विकास भयो (पृ. १६)।

मानवले शुरुमा आफ्ना विचारहरू अभिव्यक्त गर्न अनेक प्रकारका चिह्नहरू निर्माण गऱ्यो। ती चिह्नहरू अक्षर नभई विचार मात्र अभिव्यक्त गर्दथे। एउटा कुनै निश्चित वस्तुको उल्लेख गर्न सोही वस्तुको चित्र बनाउने चलन चल्दै त्यसको साङ्केतिक चित्र बनाउने र ध्वनिलाई चिह्नद्वारा प्रस्तुत गर्दै जाँदा वर्णात्मक लेखन शुरु भयो। यही वर्णात्मक वा अक्षरात्मक लेखनको शुरु भैसकेपछि विभिन्न ठाँउहरूमा मानिसले धेरै प्रकारका लिपिहरूको विकास गर्न पुगे।

**भारत वर्षमा लेखनकलाको प्राचीनता**

लेखन कलाको प्राचीनतालाई खोज गर्ने हो भने प्रागमानवको समयसम्म पुग्नु पर्ने हुन्छ किनकी प्राग मानवले जङ्गली अवस्थामा रहँदा आफू बस्ने गुफा ओडारहरूमा आफ्ना भावना अभिव्यक्त गर्न जुन चित्र कोरेका थिए त्यस्ता चित्रहरूलाई नै विद्वान्हरू लिपिको जननी मान्दछन्। यस्ता चित्रहरूमा समयले ल्याएको परिवर्तनबाट वा चित्रहरू विकसित हुने क्रममा साङ्केतिक लिपि शुरु पछि ध्वन्यात्मक र वर्णात्मक लिपिको रूपमा विकसित भएको मानिन्छ। विद्वान्हरूका अनुसार इ.पू. ९०० तिर ग्रिकहरूले विशेष ध्वनि भएका वर्णात्मक लिपिको शुरु गरेका थिए। समयको अन्तरालमा विश्वको विभिन्न क्षेत्रमा विभिन्न प्रकारका लिपिको विकास शुरु भयो जसका कारण विभिन्न स्थानमा फरक फरक लिपिको विकास भएको देखिन्छ। यसरी वर्णात्मक लिपिमा फरकपन आए पनि त्यस भन्दा अगाडिको साङ्केतिक लिपिमा भने धेरै स्थानमा समानता पाइन्छ।

कतिपय विद्वान्हरूका अनुसार इ.पू. २५०० तिर नै सिन्धुवासीहरू लेखपढ गर्न जान्दथे। सिन्धुघाटी सभ्यताको उत्खननबाट प्राप्त सामग्रीहरूमा अङ्कित चिह्नहरूलाई विभिन्न विद्वान्हरूले फरक फरक वर्ण भनी पढ्ने प्रयास गरेता पनि सफल हुन भने सकेको पाइदैन। ती चिह्नहरू लिपि नै थिए भन्ने कुराको ठोस प्रमाणबाट पुष्टि हुन नसकेकोले विवादित नै छ। भारतवर्षमा लेखनकलाको शुरु वा विकास भएको एकिन समय तोक्न नसकिएका कारण विद्वान्हरू विवादरहित भने छैनन। भारतीय उपमहाद्वीपका विद्वान्हरूले भारतमा लेखनकला धेरै पहिलेदेखि रहेको र व्राह्मी लिपि व्रह्माले आविष्कार गरेको मान्दछन् भने युरोपिय विद्वान्हरू यस भनाइसँग सहमत नभई भारतवासीले धेरै पछाडि मात्र लेखपढ गर्न जानेका हुन भन्ने गर्दछन्।

विभिन्न विद्वान्हरूले लिपि विकासको समय अलग अलग दिएका छन्। युरोपीय विद्वान् म्याक्समुलरले पाणिनीको अष्टाध्यायीलाई इ.पू. चौथो शताब्दीको मान्दै उक्त ग्रन्थमा लेखनकला सम्बन्धी उल्लेख नभएको मानेर यसपछि मात्र भारतमा लेखनको विकास भएको मानेका छन् (खत्री र दाहाल, २०४८, पृ. ७७)। पाश्चात्य विद्वान् वर्नेलका अनुसार भारतीयहरूले इ.पू. चौथौ वा पाँचौ शताब्दीतिर फिनेसियनहरूसंग लेखनकला सिकेको हुन। अर्का विद्वान् व्यूहलरले इ.पू. दशौ शताब्दी या यो भन्दा पहिले नै भारतीयहरूले सेमेटिक (अरवी, हिब्रु, फिनिसियन आदि) लिपिबाट लेखनकला सिकेको भन्ने बताउछन् (खतिवडा, २०६०, पृ. ४३)। भारतीय विद्वान्हरूका अनुसार वैदिक युगदेखि नै भारतवर्षमा लेखनकला विकसित भएको थियो। भारतमा लेखनकलाको प्राचीनतालाई देखाउने

वैदिक कालीन अनेकौ प्रमाणहरू रहेका छन् जसको आधारमा भारतीय समाजमा लेखनकला अत्यन्तै प्राचीन समयमा भएको भन्ने तर्क गर्दछन् । विश्वमा लेखनकलाको सुरुवात कहिलेदेखि भएको भन्ने स्पष्ट नभए तापनि भारतमा लेखनकलाको प्राचीनता सम्बन्धी जानकारी दिने श्रोतहरू निम्न रहेका छन् भन्ने विद्वान्हरूको भनाइ छ ।

**हिन्दू साहित्य :**

- वेदका मन्त्रहरू छन्दमा रचिएका छन् ।
- ऋग्वेदमा कानमा आठ अङ्क कुदिएको गाइको सन्दर्भ पाइन्छ ।
- यजुर्वेदमा हिसाब गर्ने व्यक्तिको उल्लेख छ ।
- शतपत ब्राह्मणमा दिन, रात, मूहुर्त आदिको वर्णन गरिएको छ ।
- छान्दोग्य उपनिषदमा अक्षर र स्वरवर्ण, स्पर्शवर्णका अधिष्ठाता देवताको उल्लेख छ ।
- ऐतरेत आरण्यकमा स्पर्श, स्वर, अन्तस्थ, व्यञ्जन र घोषका ण न स र सका उच्चरण स्थान, आपसी भेद र सन्धिका चर्चा गरिएको छ ।
- शतपथ ब्राह्मणमा एक वचन, वहुवचन र लिङ्गको उल्लेख छ ।
- वाल्मिकी रामायणमा हनुमानले सीतालाई रामको नाम लेखिएको औठी दिएको विवरण छ ।
- महाभारतको आदि पर्वमा लिख, लेख, लेखन, लिखित जस्ता शब्द प्राप्त छन् ।
- आदि पर्वमा व्यासले गणेशद्वारा महाभारत लेखाएको थिए भन्ने उल्लेख छ ।
- कौटिल्यको अर्थशास्त्रमा लेखक, लिपि, सङ्ख्या, पत्र सम्प्रेषण जस्ता शब्द उल्लेख छन् ।
- पाणिनीद्वारा अष्टाध्यायी नामक व्याकरण ग्रन्थको रचना भएको छ (खतिवडा, २०६०, पृ. ४६-४७, रेग्मी, २०६०, पृ. ९२-९३) ।

यी माथि उल्लेख भएका कुराहरूबाट के स्पष्ट हुन आउँछ भने इशापूर्व पन्ध्रौं देखि छैठौं शताब्दीसम्म मानिने वैदिककाल, इ. पू. दशौं - नवौं शताब्दीको महाभारतकाल, इ. पू. सातौंदेखि पाँचौं शताब्दीको उपनिषदकाल, सोही समयकै मानिने रामायणकालका धार्मिक ग्रन्थहरू र यो भन्दापनि पहिलेको मानिने आरण्य एवं ब्राह्मण ग्रन्थहरू लगायत इ. पू. चौथो - तेस्रो शताब्दीका पाणिणी र कौटिल्यका ग्रन्थहरूमा समेत स्वर, व्यन्जन, अन्तस्थ, भेद, सन्धि, एक बचन, बहुबचन, लिङ्ग, लिख, लेख, लेखन, लिखित, लेखक, लिपि, पत्र सम्प्रेषण, व्याकरण जस्ता शब्दहरूको प्रयोग भएको देखिदा भारतबर्षमा लिपिको विकास प्रागकालमै भएको थियो ।

## वौद्ध साहित्य

- जातक कथामा छ किसिमका पत्रहरूको उल्लेख, पाण्डुलिपि लेखनका कुराहरूलाई स्वर्णपत्रमा उत्कीर्ण गर्ने परम्पराको उल्लेख छ (पृ. ४९) ।
- कटाहक जातकमा एक सेठको कामदारले आफूलाई सेठको छोरा मानेर अर्को सेठको छोरी विवाह गर्न जाली सही गरी चिठ्ठि बनाएर विवाह गरेको कथा उल्लेख छ ।
- काम जातकमा राज्य छाडी वनवास गएका राजाले राज्य सम्हाली बसेका आफ्ना भाइलाई गाउलेको कर छुट गरिने भनी चिठ्ठि लेखेको प्रसङ्ग उल्लेख छ ।
- महावग्ग नामक वौद्ध ग्रन्थमा लेखन सिकाउने संस्था, लेखन विधि र उपकरण, लिखित पाठ्यक्रम जस्ता प्रसङ्ग उल्लेख छ ।
- सूत्रान्त नामक ग्रन्थमा औलाले आकाशमा अक्षर लेखि चिनाउने 'अक्खरिका' नामक खेल वौद्ध भिक्षुहरूलाई खेल्न प्रतिवन्ध गरिएको प्रसंग उल्लेख छ ।

- वौद्ध भिक्षुहरूको आचरण सङ्ग्रह गरिएको ग्रन्थ विनयपिटकमा लेखन कार्य भिक्षुहरूको निम्ति प्रशंसनीय, उपयोगी र गृहस्थहरूको लागि जीविकोपार्जनको साधन भनिएको छ ।
- ललितविस्तर अनुसार वुद्धले विश्वामित्रबाट लिपिशालामा चन्दनकाठको पाटीमा सुनको कलमले अक्षर लेख्ने गरेको विवरण दिइएको आदि (खतिवडा, २०६०, पृ. ४९-५०, रेग्मी, २०६०, पृ. ९३) ।

हिन्दू धार्मिक ग्रन्थहरूमा उल्लेख भए जस्तै इशापूर्व छैटौं शताब्दी यता विभिन्न समयमा लेखिएका बौद्ध दर्शन सम्बन्धी विभिन्न साहित्यहरूमा पत्र लेखनका प्रसंगहरू, चिठी आदान प्रदान गरिएका कुराहरू, लेखन सिकाउने संस्था, लेखन विधि र उपकरण, लिखित पाठयक्रम, अक्खरिका खेल, लेखन कार्य, लिपिशाला, सुनको अक्षर जस्ता शब्दहरूको प्रयोग भएकोबाट पनि लेखनकलाका लागि लिपिको विकास प्राचीनकालमै भएको थियो भन्ने स्पष्ट हुन आउँछ ।

**विदेशीहरूको वर्णन**

- इ.पू. चौथो शताब्दीमा अलेक्जेण्डरले भारत आक्रमण गर्दा उनको साथमा आएका सेनापति नियार्कसले आफ्नो भारत वर्णनमा भारतवासीहरू कपासबाट लेख्ने वस्तु बनाउथे भनी उल्लेख गरेका छन् ।
- अर्का यूनानी विद्वान् क्यू. कर्टियसको अनुसार भारतीयहरू रुखको बोक्रामा लेख्थे (रेग्मी, २०६०, पृ. ९४)
- ई.पू. चौथो शताब्दी तिरै राजदूत भएर मौर्य राज्यमा आएका मेगास्थनिजले भारतमा प्रचलित वर्षफल, पञ्चाङ्ग तथा कुण्डलीको उल्लेख साथै उनले प्राचीन ग्रन्थको आधारमा न्याय हुने विवरण उल्लेख गरेका छन् (खत्री, दाहाल, २०४८, पृ. ७८) ।
- सातौ शताब्दीमा भारत भ्रमणमा आएका चीनीया यात्री ह्वेनसाङ्गको वर्णन अनुसार भारतवासीका वर्णमालाका अक्षरहरू ब्रह्माले बनाएका हुन जसको रूपान्तरण प्राचीन समयदेखि चल्दै आएको भन्ने बुझिन आउछ ।

यी माथिका विदेशी विद्वान् व्यक्तित्त्वहरूका भनाइहरूबाट पनि भारतबर्षमा प्राचीनकालदेखि नै लिपिको विकास भइ लेखनकला उत्कर्षमा थियो भन्ने कुरामा कुनै शङ्का रहदैन । प्राचीनकालीन भारतवर्षको भौगोलिक सीमा निकै फराकिलो हुनाले र नेपालका लिच्छवि शासकहरू भारतकै बैशालीबाट आएकाले नेपालमा पनि लिपिको विकास र प्रभाव शिघ्रातिशीघ्र भएको थियो भन्न सकिन्छ ।

**पुरातात्त्विक प्रमाण**

पूर्वमा वंगालदेखि पश्चिममा गुजरातसम्म र उत्तरमा अफगानस्थानदेखि दक्षिणमा आन्ध्र प्रदेशसम्म भारतको ठूलो भूभागमा मौर्य सम्राट अशोकका अभिलेखहरू पाइएका छन् । यस्ता अभिलेखहरू प्रस्तर खम्वा र चट्टानहरूमा

ब्राह्मी र खरोष्टी लिपिमा लेखिएका छन् । यसबाट भारतवर्षमा अशोकको समय भन्दा अगावै लेखनकलाको प्रचलन रहेको अनुमान गर्न सकिन्छ (रेग्मी, २०६०, पृ. ९५) ।

**नेपालमा लिच्छवि लिपि**

कुनै पनि समयमा शासन गर्ने शासकहरू (राजाहरू) को शासनकालमा प्रचलनमा रहेको लिपिलाई त्यही राजवंशको नामबाट पुकारिने परम्परा रहेको पाइन्छ । सोही परम्परा अनुसार भारतमा शासन गर्ने विभिन्न मौर्य, कुषाण, शुङ्ग, सातवाहन, गुप्त आदि राजवंशहरूको समयमा प्रचलनमा रहेको लिपिलाई त्यही राजवंशको नामसंग जोडेर त्यही नामले सम्वोधन गरिएको पाइन्छ । यी सबै शासकहरूको समयमा चलेको लिपि छुट्टै अर्को लिपि नभई व्राह्मी लिपि कै परिवर्तित रूपहरू प्रचलनमा आएको विद्वान्हरूको भनाई छ । त्यस्तै नेपालको

लिच्छविकालमा प्रचलित लिपि ब्राह्मीबाट विकसित भारतको गुप्त राजवंशको शासनकालमा प्रचलित लिपिसँग नजिकिएर विकसित भएकोले समानता हुँदा पुरालेखन विद्हरूले उक्त लिपिलाई गुप्तलिपि नै भने जुन लिपिलाई ब्राह्मी लिपिको दोस्रो रूप पनि भनिने गरेको पाइन्छ (खतिवडा, २०६०, पृ. १०५) । राजा अंशुबर्मा भन्दा पहिलेको समयलाइ पूर्व लिच्छविकाल र पछिको समयलाइ उत्तर लिच्छविकालले चिनिन्छ । यी दुइ कालका लिपिहरूमा पनि सामान्य फरकपन देखिन्छ ।

## लिच्छवि लिपिको नामाकरण

विद्वान्हरूले भारतको गुप्त राजवंशको समयमा प्रचलित लिपिसंग मिल्ने नेपालको लिच्छवि कालमा प्रचलनमा रहेको लिपिलाई गुप्त लिपि नामाकरण गरे पछि लामो समयसम्म सोही नाम दिएता पनि पछि नेपाल सरकारको पुरातत्त्व विभागद्वारा वि.सं. २०१७ मा नेपाल कै राजवंशसंग सम्बन्धित स्थानीय नामबाटै 'लिच्छवि लिपि' नाम दिइयो । निम्न आधारबाट यो लिच्छवि लिपि नाम उपयुक्त देखिने तर्क अघि सारियो । कौशाम्बी क्षेत्रमा प्रचलित गुप्तलिपिबाट विकसित लिपि भएता पनि यसको आफ्नै विशेषता छ जुन विशेषताले अन्य लिपिबाट यसलाई भिन्न मान्न सकिन्छ । यो लिपि एउटै राजवंशको समयमा उनीहरूकै संरक्षणमा सिमित क्षेत्रमा विकसित भएको छ । अन्य लिपिको तुलनामा लामो समयसम्म जीवित रहन गयो । लिच्छवि शासनको अन्त पछि पनि लामोसमयसम्म केही परिवर्तन भएर चलि रह्यो (रेग्मी, २०६०, पृ. १५८-१५९) ।

लिच्छवि लिपि गुप्तलिपिसंग मिल्दोजुल्दो देखिएता पनि नेपालको परिवेशमा आफ्नै तरिकाले विकसित हुन पुग्यो । विकास हुने क्रममा पहिलो स्वरूपमा परिवर्तन आयो । फरक स्थान फरक समयमा लेखिएको एउटै लिपि पनि परिवर्तन हुँदै जादा लिच्छवि लिपि पूर्व लिच्छवि र उत्तर लिच्छवि लिपिमा विभाजन हुन गयो । यस लिपिको परिवर्तित स्वरूपलाई आधार मान्दा लिच्छवि लिपिलाई दुई भागमा विभाजन गरिएको हो । मानदेवदेखि अंशुवर्मा सम्मको लिपिलाई पूर्व लिच्छवि र अंशुवर्मा पछिको लिपिलाई उत्तर लिच्छवि लिपि भनिन्छ जसलाई ब्राह्मी लिपिको तृतीय रूप मानिन्छ । धस्काएर लेख्ने, अलङ्करणको प्रयोगले अक्षरमा देखापरेको परिवर्तनले लिच्छवि लिपिको धेरै वर्ण र मात्रा फरक बन्न गए । यसरी पहिलेको भन्दा अंशुवर्मा पछिको लिपिमा देखा परेको परिवर्तनका कारण त्यस समयको लिपिलाई उत्तर लिच्छवि लिपि भनियो । यस अवधिमा हातले धस्काएर लेख्ने, अक्षर टेढो बनाएर लेख्ने, अक्षरको तल्लो भागमा मात्रा मोडिएको लिपि लेख्ने प्रचलन रह्यो । अक्षरको तल्लो भाग र मात्रा मोडिएको लिपिलाई कुटिला लिपि पनि भन्ने गरियो । यही कुटिला लिपि देखा पर्नु नै यस लिपि विभाजनको आधार मानिन्छ (पृ. १७४) । पूर्व लिच्छवि लिपि ब्राह्मी लिपिको दोस्रो रूप मानिन्छ भने उत्तर लिच्छवि लिपि ब्राह्मी लिपिको तेस्रो रूप हो (खत्री र दाहाल, २०४८, पृ. ८७) ।

ब्राह्मी लिपिको तृतीय रूपमा परिवर्तन हुँदा आकार प्रकार पूर्ण रूपले अक्षर र मात्रामा सुसम्पन्न हुन थालेकाले पुरातत्त्व विदले यस लिपिलाई 'सिद्ध मातृका' भनेर यसको नयाँ नामाकरण गरेका छन् । यसको प्रचलन समय सातौ शताब्दीदेखि बाह्रौ शताब्दीसम्म मानिन्छ (पृ. ८८) । कतिपयको मतमा लिच्छविकालीन लिपिको विकास चरणलाइ पाँच भागमा बाड्ने गरेको पनि देखिन्छ । अन्दाजी ४५९ देखि ५०५ ई. सम्मको पहिलो चरण, ५०६ देखि ६०४ ई. सम्मको दोस्रो चरण, ६०५ देखि ६४२ ई. सम्मको तेस्रो चरण, ६४३ देखि ७३३ ई. सम्मको चौथो चरण र ७३४ देखि १००० ई. सम्मको समयावधिलाइ पाँचौं तथा अंतिम चरणको रूपमा लिने गरिएको छ । यी विभिन्न चरणहरूका लिपिहरूमा थोर बहुत फरक हुँदै विकास भएको थियो (रेग्मी, २०६०, पृ. १७६-१८२) ।

## लिच्छिवि लिपिका विशेषताहरू

भारतीय सम्राट अशोकले लुम्विनी र निग्लिहवामा इ.पू. तेस्रो शताब्दीमा स्थापना गरेका अभिलेखपछि नेपालमा इ.पाँचौँ शताब्दीदेखि अभिलेख उपलब्ध भएका छन् (पोखरेल, २०६८, पृ. ४२) । नेपालमा लिच्छवि कालिन अभिलेखहरूमा अङ्कित लिपि ब्राह्मी लिपिको विकसित रूप गुप्तलिपिको स्वरूप लिई नेपालमा लामो समयसम्म थप हुन गएका अनेकौ विशेषताहरूले भरिएका छन् । नेपालमा विकसित लिच्छवि लिपिमा थप भएका विशेषताहरू अन्यत्र कमै देखिन्छन् (पृ. १८६) । दुई सयभन्दा बढी सङ्ख्यामा प्राप्त लिच्छविकालिन अभिलेखमा कुदिएका वर्णहरूको अध्ययन गर्दा निम्न विशेषताहरू रहेको पाइन्छ -

**मोटो टाँकाको प्रयोग :** भारतमा लामो समयसम्म प्रचलित हुन नसकेको मोटो टाँका नेपालको लिच्छवि कालिन लिपिहरूमा लामो समयसम्म प्रचलनमा रहेकोले यसका आफ्नै विशेषता रहन गएको देखिन्छ । लिच्छविकालमा मोटो टाँकाको प्रयोग गरेता पनि आवश्यकत्ता अनुसार टाँकालाई घोप्टो वा तेस्रोपारी पातलो रेखाको माध्यमबाट वर्णहरूका सबै अंगहरू समानूपातिक बनाउने गरिन्थ्यो । मोटो टाँकाको आफ्नै किसिमको प्रयोगले मौलिक र विशिष्ट बन्न पुग्यो ।

**नयाँ वर्ण एवम् चिह्नहरूको प्रयोग :** लिच्छवि कालिन लिपिको अर्को विशेषताको रूपमा नयाँ वर्ण एवम् चिह्नहरूको प्रयोगलाई लिने गरिन्छ । हलन्त सहित ॐ अक्षर र विसर्ग चिह्न लिच्छवि कालिन लिपिमा पछि थपिएको पाइन्छ । यसबाट जस्तो सुकै उच्चारण गर्न र उच्चारण अनुसार वर्ण र चिह्न लेख्न सहज भयो ।

**समान दूरीमा लिपिको लेखन :** शब्द र वाक्य छुट्टिने गरी वर्णहरूको प्रयोग गरिदैनथ्यो । सबै वर्णहरूलाई समान दूरीमा छुट्टाछुट्टै त्रिकोनात्मक डिको दिई, पूर्ण विराम नलगाई वर्णहरू लेखिने भएकोले कुन वर्ण कुन शब्द र कुन वाक्यका लागि प्रयोग भएको र वाक्य कहाँ समाप्त भएको छुट्याउन कठिन थियो ।

**वर्णको स्वरूप परिवर्तन :** लिच्छवि लिपिमा वर्णहरू निरन्तर रूपले परिवर्तन हुँदै जानु अर्को एक विशेषता हो । वर्णहरू धस्काएर लेख्ने प्रवृत्तिले अक्षरहरूमा आएको परिवर्तन नै पूर्व लिच्छवि लिपि र उत्तर लिच्छवि लिपिमा बाडिन पुग्यो ।

**अलङ्करणको प्रयोग :** अक्षरहरू आकर्षक बनाउन डिको, रेखा, कोणात्मकता आदि अलङ्करणको प्रयोग हुनु पनि लिच्छवि लिपिको विशेषता हो । यही विशेषताले गर्दा कतिपय वर्णहरूको स्वरूपमा परिवर्तन आउन पुग्यो । विभिन्न किसिमका अलङ्करणको प्रयोगले लिच्छवि लिपि परिवर्तन हुँदै जादा अन्य लिपि पैदा हुन पुगे ।

**डिकोको विकास :** भारत वर्षमा डिकोको प्रारम्भ इ.पू. प्रथम शताब्दीदेखि भएको भएता पनि नेपालमा यसको प्रयोग इस्वीको पाँचौँ शताब्दीदेखि लिच्छवि लिपिमा शुरु भएको थियो । लिच्छवि कालदेखि शुरु भएको डिकोको प्रयोग प्रारम्भमा मसी भरिएको त्रिकोणात्मक डिको दिने चलन चल्यो । यस्तो डिको सबै वर्णमा नभई वर्णको माथिल्लो भाग रेखाद्वारा शुरु हुने वर्णमा मात्र प्रयोग गरिन्थ्यो । त्रिकोणात्मक डिकोमा क्रमशः सुधार हुँदै जाँदा वसन्तदेवको पालामा केही वर्णहरूमा तेस्रो डिकोले स्थान लियो । पछि आकार एकार दिनु पर्ने वर्णहरूमा केही लामो धर्का अक्षरहरूको शिरोभागमा अङ्कित गर्ने चलन भएपछि त्रिकोनात्मक डिकोको सट्टा तेस्रो साधा डिको प्रयोग हुन गयो । त्रिकोणात्मक डिको केही सिमित अक्षरहरूमा मात्र खुम्चन पुग्यो ।

**धस्काएर लेख्ने प्रचलन :** धस्काएर लेख्ने प्रचलनले वर्णहरूमा आकार र स्वरूपहरूमा परिवर्तन ल्यायो । यो प्रचलन मानदेवको पालादेखि नै चलेको मानिन्छ । विशेष गरी धस्काएर लेख्ने प्रचलनले 'न' 'य' र 'स'लाई बढी प्रभावित गऱ्यो । धस्काएर लेख्दा न र य को बायाँ तर्फ गोलो आकृति भई स्वरूप मै परिवर्तन हुन पुग्यो ।

**समानुपातिक वर्णहरू :** लिच्छवि लिपिका वर्णहरू अनुपात मिलेका एक अर्कामा मिल्ने उत्रै उत्रै स्वरूपको हुनु अर्को विशेषता हो । समान आकार र उचाइमा लेखिने लिच्छवि लिपिका वर्णहरू हलन्तको प्रयोग गरिएको वर्ण भने अन्यको तुलनामा सानो लेखिन्थ्यो ।

## लिच्छवि अङ्कको उत्पत्ति

भारत वर्षमा लेखनको विकास निकै पहिले देखि भएको पाइन्छ । त्यसबेला अङ्कहरूलाई चिह्न (संकेत) वा विशेष शब्दहरूद्वारा अभिव्यक्त गरिन्थ्यो । हिन्दू, बौद्ध तथा अन्य प्रारम्भिक ग्रन्थहरू सबैमा अङ्क जनाउने शब्दहरूको प्रयोग भएको पाइन्छ । लिच्छवि लिपिको जननी मानिने ब्राह्मी लिपिका प्रारम्भिक अभिलेखहरूमा तत्कालिन सम्राट अशोकले सर्व प्रथम केही संख्याहरूलाई प्रयोगमा ल्याएका थिए । उनका अभिलेखहरूमा ४, ६, ५० र २०० संख्या अङ्कित गरिएका थिए भने उनी पछिका शासकहरूले अन्य विविध संख्याहरू प्रयोग गरेको पाइन्छ । ब्राह्मी लिपिको विकसित रूपमा आएको लिच्छवि लिपिमा समेत अनेक प्रकारका संकेत र शब्दहरूद्वारा अङ्कहरू जनाउने गरिन्थ्यो ।

उदाहरूणका लागि १, २, र ३ अङ्क देखाउन छड्के एक धर्का, छड्के दुई धर्का र छड्के तीन धर्का प्रयोग गर्ने गरिन्थ्यो । चार संख्या जनाउन प्क, पाचँका लागि तृ, हृ, भृ, छ जनाउन फ्र, टा, ह्व, सातका लागि ग्र, ग्र, गु, भु, पु जस्ता वर्णहरू प्रयोग गरिन्थ्यो । त्यस्तै आठ अङ्कका लागि ह्व, ह्वा र नौ जनाउन उ, ञा, डा जस्ता वर्णहरूको प्रयोग गर्ने चलन थियो । एवं रितले १०, २०, ३०, ४०, ५०, ६०, ७०, ८०, ९० र १०० अङ्कलाई जनाउन क्रमशः लृ, थ, ल, स/प्त, सी, चु, चू, ठाडो काटिएको वृत, क्रस चिह्न भएको वृत एवं स सू या अ जस्ता वर्णहरू प्रयोग गर्ने चलन थियो । यस्तै गरी २०० लाई सृ, लू वा घू र ३०० लाई स्ता या ञा, ४०० लाई सृो, स्तो प्रयोग गर्ने चलन थियो (खतिवडा,२०६०:१५४) । यसरी लिच्छवि लिपिमा अङ्क जनाउनका लागि वर्ण वा अक्षर नै प्रयोगमा ल्याउने गरिन्थ्यो । त्यस समयको अङ्क लेखन अहिलेको जस्तो सरल थिएन । अङ्क लेखनको शुरुमा ठूलो र त्यस पछि क्रमशः साना मान लेख्ने गरिन्थ्यो । एघार बनाउनु पऱ्यो भने दश अङ्कमा एक अङ्क, बाह्र बनाउदा दुई अङ्क यस्तै क्रमले उन्नाइस बनाउदा नौ जोड्दै जानु पर्छ । यसै गरी २१ देखि २९ सम्मका अङ्क बनाउदा बीसको अङ्कमा १ देखि ९ सम्मका अङ्क जोड्दै जानुपर्छ (राजवंशी, २०२१) । उदाहरणका लागि ४४८ लेख्नु पर्दा सृो प्त ह्व =४०० ४० ८, ६४ लेख्नु पर्दा चु प्क (६४) आदि । लिच्छवि कालका अङ्क लेखनमा शून्यको प्रयोग नभएको देखिन्छ । शून्यमा टुङ्गिने अङ्कका लागि अलग वर्णको प्रयोग हुने भएकाले शून्यको प्रयोग नगरिएको हुन सक्छ । तिथि मिति तथा संख्या जनाउन विभिन्न शब्दहरू प्रयोग गरेको पाइन्छ । जस्तै ० को लागि आकाश, गगन, १ को लागि चन्द्र, २ को लागि लोचन, कर ,३ को लागि भूवन, दहन, काल, ४ को लागि वेद, वर्ण, ५ को लागि पाण्डप, तत्त्व आदि । आकाश नयन दहन लेखिएको भए आकाश ० नयन २ दहन ३ हुन्छ । संख्यालाई बायातिर पढ्दा ३२० हुन जान्छ ।

## निष्कर्ष


विश्वमा लेखनकलाको उत्पत्ति सम्बन्धमा तथ्यपूर्ण जानकारी दिने स्रोतहरू उपलब्ध छैनन । मानवीय भावना, विचार, खोज, अध्ययन अनुसन्धान, प्रचार प्रशारको महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने लेखनकला विश्वको कुन


कुनामा, कहिलदेखि, कसले किन कसरी गऱ्यो भन्ने सम्बन्धमा विभिन्न धार्मिक मतहरू, विद्वान्हरूका तर्कहरू र कतिपय पुरातात्त्विक अवशेषबाट प्राप्त जानकारीका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयासहरू भएका छन् । यिनै प्रयासहरूका आधारमा भन्नु पर्दा लेखन कलाको उत्पत्ति र विकास मानव विकासको क्रमिक ढाँचा अनुरूप विभिन्न चरणहरू पार गर्दै आजको अवस्थामा आएको स्पष्ट हुन आउँछ ।

लेखन कलाको महत्त्वपूर्ण आधार तथा अंगको रूपमा रहेको लिपिको भ्रुण प्रागमानवको ओडार तथा गुफावासबाटै शुरु भएको भन्ने तथ्य नै सर्व स्वीकार्य मानिदै आएको छ । आफू बस्ने ओडार तथा गुफाहरूका भित्तामा आफूले दिनभर भोगेका, अनुभव गरेका मनोभावनाहरू व्यक्त गर्न चिह्न तथा संकेतका रूपमा कोरेका धर्काहरू नै लिपि उत्पत्तिका भ्रुणको रूपमा मानिन्छन् । ती चिह्न तथ धर्काहरू क्रमिक विकासको सिद्धान्त अनुसार आशयलेखन, शब्दपदात्मक, पदात्मक, वर्णात्मक वा अक्षरात्मक लेखनका चरणहरू पार गर्दै लिपिको विकास आजको अवस्थामा आएको देखिन्छ ।

नेपालमा लिपिको विकास भारतवर्षमा विकसित ब्राह्मी लिपिकै परिबर्तित स्वरूप हो भन्ने कुरा लिच्छवि कालदेखि उपलब्ध भएका अभिलेखहरूको अध्ययनबाट स्पष्ट गर्न सकिन्छ । ब्राह्मी लिपिको विकासक्रमलाई हेर्दा त्यसमा आएका निरन्तर परिवर्तनहरूको परिणाम स्वरूप नेपालको लिच्छवि लिपि भएको प्रमाणित हुन आउँछ । यो लिपि एक्कासी विकसित अवस्थामा आएको होइन । यसले विभिन्न कालखण्डमा विभिन्न आकार, प्रकार, स्वरूप परिवर्तन गर्दै विभिन्न उतार चढाव व्यहोर्दै सशक्त रूपमा प्रचलित हुन पुगेको थियो । यो लिपि विद्यमान लिपिको जग हो ।

## परिशिष्ट- १
## पूर्व लिच्छवि लिपिका वर्णहरू






| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ॐ | अ | आ | इ | ई | उ | ए | ऐ |
| ओ | औ | अं | अः | | | | |
| क | ख | ग | घ | ङ | च | छ | ज |
| झ | ञ | ट | ठ | ड | ढ | ण | त |
| थ | द | ध | न | प | फ | ब | भ |
| म | य | र | ल | व | श | ष | स |
| ह | क्ष | त्र | ज्ञ | | | | |

**स्रोत-** (खतिवडा, २०६०, पृ. १११)

परिशिष्ट- २

**उत्तर लिच्छवि लिपिका वर्णहरू**




| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ॐ | अ | आ | इ | ई | उ | ऊ | ए |
| ऐ | ओ | औ | अं | अ | | | |
| क | ख | ग | घ | ङ | च | छ | ज |
| झ | ञ | ट | ठ | ड | ढ | ण | त |
| थ | द | ध | न | प | फ | व | भ |
| म | य | र | ल | व | श | ष | स |
| ह | क्ष | त्र | ज्ञ | | | | |

**स्रोत-** (खतिवडा, २०६०, पृ. १४१)

**परिशिष्ट- ३**


**मानदेवको अभिलेख**




**स्रोत -** (शाक्य, २०३०, पृ. १३)

## परिशिष्ट- ४

## लिच्छवि अङ्क विकास क्रम




**स्रोत-** (खतिवडा, २०५५, पृ. ४८)

## सन्दर्भसामग्री

खतिवडा, सोम (२०६०). *नेपालका लिपि र मुद्राहरूको परिचय,* भोटाहिटी, काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

खतिवडा, सोम (२०५५). *अभिलेख विज्ञान एवं मुद्राशास्त्र,* भोटाहिटी काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

खत्री, प्रेम र  दाहाल, पेशल (२०६०). *नेपाली संस्कृति र सभ्यता,* विराटनगर : श्रीमती कमला दाहाल ।

खत्री, प्रेम र दाहाल, पेशल (२०४८). *नेपालको कला र पुरातत्त्व,* भोटाहिटी, काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

ने.रा.प्र.प्र. (२०४०). *नेपाली बृहत शब्दकोश,* कमलादी काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, रामराज (इ.सं. १९५९). *नेपाली लिपि विज्ञान,* कटरा, प्रयाग : सरोज प्रकाशन ।

पोखरेल, निर्मला "नेवारी लिपि विकासक्रमको संक्षिप्त अध्ययन" *नेप्लिज कल्चर* (भोलम ११, २०६८) पृ. ४२-४७ ।

राजवंशी, शंकरमान (सम्पादक) (२०२१). *लिच्छवि लिपि सङ्ग्रह,*  काठमाडौँ : वीर पुस्तकालय ।

रेग्मी, दिनेश (२०६०). *पुरालेखन र अभिलेख,* डिल्ली बजार, काठमाडौँ : हिमालय बुक स्टल ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *शोधविधि* (तेस्रो संस्करण), काठमाडौँ : साझा प्रकाशन ।

शाक्य, हेमराज (२०३०). *नेपाल लिपि प्रकाश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।